काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १७३ | आइतवार, २२ चैत, २०८२ | Sunday, 5 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

दुल्लु-मालिका सौर्य आयोजनाको डिपिआर र आइइईको जिम्मा एनइए इन्जिनियरिङलाई



काँक्रेविहार संवाददाता
सुर्खेत, २१ चैत

विद्युत् उत्पादन कम्पनी लिमिटेड (भियुसिएल) ले दैलेखमा निर्माण गर्न प्रस्ताव गरेको ३० मेगावाटको दुल्लु-मालिका सौर्य विद्युत् आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तथा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन (आइइई रिपोर्ट) प्रतिवेदन तयार गर्ने जिम्मा एनइए इन्जिनियरिङ कम्पनी लिमिटेडलाई दिइएको छ।

आयोजना प्रवर्द्धक र परामर्शदाता संस्थाबीच उक्त परामर्श सेवाका लागि मंगलबार सम्झौता भएको हो।

सम्झौता पत्रमा एनइए इन्जिनियरिङका प्रमुख कार्यकारी अधिकृत (सिइओ) चिरन्तन विक्रम राणा र भियुसिएलका निमित्त प्रमुख कार्यकारी अधिकृत (एसिइओ) हिरामान वाइबाले हस्ताक्षर गरेका छन्।

प्रवर्द्धक कम्पनी भियुसिएलका अनुसार दैलेखको दुल्लु नगरपालिका-१३ मा अवस्थित आयोजनाका लागि प्रसारण लाइनका लागि बाहेक करिब ४५ बिगाहा जमिन आवश्यक पर्ने प्रारम्भिक अनुमान गरिएको छ।

सम्झौताअनुसार दुल्लु-मालिका सौर्य विद्युत् आयोजना तथा यसको विद्युत् प्रसारणका लागि आवश्यक १३२ केभी प्रसारण लाइनको डिपिआर र आइइई प्रतिवेदन एनइए इन्जिनियरिङले तयार गर्ने छ। यसका लागि प्रतिस्पर्धाबाट छनोट भएको एनइए इन्जिनियरिङले जिम्मा पाएको हो।

निर्माण-स्वामित्व ग्रहण-सञ्चालन-हस्तान्तरण (बुट) ढाँचामा निर्माण गरिने आयोजनामा करिब १ अर्ब ८० करोड (प्रतिमेगावाट ६ करोड) रुपैयाँ लगानी हुने प्रारम्भिक अनुमान छ। आयोजनामा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी रहने गरी वित्तीय लगानी व्यवस्थापन गर्ने योजना छ। करपछिको आन्तरिक प्रतिफल दर करिब ९ देखि १२ प्रतिशत रहने प्रारम्भिक आकलन गरिएको छ।

आयोजनाबाट वार्षिक करिब ४७.५८ गिगावाट-घण्टा विद्युत् उत्पादन हुने अपेक्षा गरिएको छ। आयोजनाको सञ्चालन अवधि २५ वर्ष रहने छ। आयोजनाबाट उत्पादित विद्युत् करिब ५.५ किलोमिटर लामो १३२ केभी प्रसारण लाइनमार्फत नेपाल विद्युत् प्राधिकरणको चुप्रा सबस्टेसनमा जोड्ने योजना छ।

सौर्य विद्युत् उत्पादनका लागि दैलेख उच्च सम्भावना भएको क्षेत्रको रूपमा पहिचान भएको
छ। कर्णाली प्रदेशमा ऊर्जा पहुँच विस्तार गर्दै गुणस्तरीय विद्युत् आपूर्तिका लागि ग्रिड-जडित उक्त सौर्य विद्युत् आयोजनाले महत्त्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ। डिपिआर र आइइई प्रतिवेदन तयार भएपछि आयोजना निर्माण तथा चरणमा प्रवेश गर्ने छ।

बेतन कर्णाली आयोजना निर्माणको संघारमा, लगानी र पीपीए टुंग्याउने मुख्य चुनौती



काँक्रेविहार संवाददाता
सुर्खेत, २१ चैत

कर्णाली प्रदेशको बहुप्रतिक्षित बेतन कर्णाली जलविद्युत आयोजना अब निर्माणको संघारमा पुगेको छ। सुर्खेत र अछाम जिल्लाको सीमामा निर्माण हुने यस आयोजनाका अध्ययन, डिजाइन तथा अधिकांश पूर्वतयारीका काम पूरा भइसकेका छन। आयोजना विकासकर्ता बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडले अब विद्युत खरिद सम्झौता, मुआब्जा वितरण र लगानी सुनिश्चितताका बाँकी प्रक्रिया टुंग्याउने चरणमा काम अघि बढाएको जनाएको छ।

आयोजना प्रमुख कृष्ण आचार्यका अनुसार आयोजनाले २०८२ असारमै उत्पादन अनुमति पत्र प्राप्त गरिसकेको छ भने विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) पनि तयार भइसकेको छ। प्रभावित क्षेत्रका बासिन्दालाई मुआब्जा वितरण गर्न ऊर्जा मन्त्रालयमार्फत सम्बन्धित निकायमा फाइल पठाइएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृति प्राप्त भएपछि मुआब्जा वितरण सुरु गरिने तयारी छ।

आयोजना निर्माणबाट सुर्खेत र अछामका करिब १८ रोपनी जमिन प्रभावित हुने अनुमान गरिएको छ। सो क्षेत्रका रुख कटानका लागि अनुमति प्रक्रिया अघि बढाइएको छ। साथै, आयोजनास्थलसम्म पहुँच सहज बनाउन सडक निर्माणलाई तीव्रता दिइएको छ। अछामतर्फ १८ किलोमिटर सडक निर्माण सम्पन्न भइसकेको छ भने सुर्खेततर्फ १४ किलोमिटरमध्ये १० किलोमिटर सडक तयार भइसकेको छ। बाँकी खण्डको स्तरोन्नति र विस्तार छिट्टै गरिनेछ। कर्णाली नदीमा पक्की पुल र बेलिब्रिज निर्माण गर्ने योजना पनि अगाडि बढाइएको छ।

४ सय ३१ मेगावाट क्षमताको यो आयोजना कर्णाली प्रदेशकै महत्वपूर्ण ऊर्जा परियोजनामध्ये एक हो। आयोजनाको कुल लागत करिब ८८ अर्ब रुपैयाँ अनुमान गरिएको छ। हालसम्म कर्मचारी सञ्चय कोषमार्फत करिब ७ अर्ब रुपैयाँ मात्र लगानी सुनिश्चित भएको छ भने बाँकी रकम जुटाउन विभिन्न वाणिज्य बैंक, सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष तथा अन्य वित्तीय संस्थासँग छलफल जारी रहेको छ। पीपीए सम्पन्न भएपछि लगानी जुटाउन थप सहज हुने विश्वास गरिएको छ।

प्राविधिक रूपमा आयोजना निकै जटिल र महत्वाकांक्षी मानिएको छ। कर्णाली नदीमा करिब १ सय ४० मिटर अग्लो बाँध निर्माण गरी जलाशयमा पानी संकलन गरिनेछ। सो जलाशयमा करिब १ करोड २५ लाख घनमिटर पानी भण्डारण गर्न सकिनेछ। संकलित पानी ६।६ किलोमिटर लामो सुरुङमार्फत विद्युतगृहसम्म पुर्‍याइनेछ र ३ सय ४५ मिटर लामो पेनस्टक पाइपबाट टर्बाइनमा खसालेर विद्युत उत्पादन गरिनेछ। बाँधस्थल सुर्खेतको चौकुने गाउँपालिका-६ र अछामको ढकारी गाउँपालिका-६ को सीमामा पर्नेछ भने मुख्य संरचना अछामतर्फ निर्माण गरिनेछ। बाँध निर्माणपछि करिब २१ किलोमिटर लामो जलाशय क्षेत्र बन्ने अनुमान गरिएको छ।

आयोजनाको अध्ययन सन् २०१७ अक्टोबरदेखि सुरु भएको थियो। नेपाल विद्युत प्राधिकरण अन्तर्गतको इन्जिनियरिङ कम्पनी लिमिटेडले प्रारम्भिक अध्ययनदेखि डिजाइनसम्मको काम सम्पन्न गरेको हो। अहिले पहुँच मार्ग, प्रसारण लाइन विस्तार तथा अन्य पूर्वाधार विकासका काम पनि सँगसँगै अघि बढिरहेका छन। कैलालीको सुगरखाल क्षेत्रबाट करिब ३० किलोमिटर दूरीमा ३३ केभी प्रसारण लाइन विस्तार गर्ने प्रक्रिया पनि सुरु भइसकेको छ।

यसैबीच, सुर्खेत क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य रमेश कुमार सापकोटाले आयोजनाको प्रगतिबारे चासो व्यक्त गरेका छन उनले आयोजना प्रमुखसँग छलफल गरी कामको अवस्थाबारे जानकारी लिँदै पीपीए स्वीकृति र लगानी सुनिश्चिततापछि आयोजना निर्माणले गति लिने विश्वास व्यक्त गरेका छन साथै, आवश्यक समन्वयका लागि सम्बन्धित मन्त्रालयसँग पहल गर्ने बताएका छन।

समग्रमा, बेतन कर्णाली जलविद्युत आयोजना अहिले निर्माणपूर्व तयारीको अन्तिम चरणमा पुगेको छ। तर पीपीए, लगानी सुनिश्चितता र मुआब्जा वितरण जस्ता महत्वपूर्ण प्रक्रिया समयमै टुंगिएमा मात्र आयोजना निर्धारित समयमै निर्माणतर्फ अघि बढ्न सक्नेछ। कर्णाली प्रदेशको ऊर्जा उत्पादन वृद्धि र आर्थिक विकासमा ठूलो योगदान दिने अपेक्षा गरिएको यो आयोजना सफल कार्यान्वयनतर्फ लैजानु नै अहिलेको प्रमुख चुनौती बनेको छ।

एमालेमा विशेष महाधिवेशन बोलाउन हस्ताक्षर सुरू

काँक्रेविहार संवाददाता
काठमाडौं, २१ चैत

नेकपा एमालेभित्र नेतृत्व र कार्यशैलीप्रति प्रश्न उठाउँदै विशेष महाधिवेशन बोलाउन हस्ताक्षर अभियान सुरू गरिएको छ। केपी ओलीलाई तेस्रोपटक अध्यक्ष बनाउँदै एमालेको ११औँ महाधिवेशन सकिएको साढे ३ महिनामात्र हुँदैछ।

पार्टीको ११औँ राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरूले हालैको निर्वाचनमा पार्टीले व्यहोर्नुपरेको ऐतिहासिक पराजय र नेतृत्वप्रति जनताको अविश्वासलाई मुख्य कारण देखाउँदै हस्ताक्षर अभियान थालेका हुन्।

केन्द्रीय कमिटी सदस्य, जनवर्गीय संगठनका पदाधिकारी समेतको सहभागितामा थालिएको यो अभियानमा अहिलेसम्म ४४० जनाले हस्ताक्षर गरिसकेको दाबी गरिएको छ। अभियानमा सहभागी नेताले पदाधिकारीहरूको पनि साथ रहेको बताए।

अध्यक्षलाई सम्बोधन गरेर तयार पारिँदै गरेको विशेष महाधिवेशनको मागपत्रमा २०४८ देखि २०८२ सम्मको संसदीय यात्रामा पार्टीले अहिले लज्जास्पद हार व्यहोरेको उल्लेख छ। प्रत्यक्षतर्फ १६५ मध्ये ९ सीटमा खुम्चिनु र समानुपातिकमा पनि उस्तै नतिजा आउनुले पार्टीको कमिटी प्रणाली र वर्तमान नेतृत्वप्रति जनताको अविश्वास देखिएको उनीहरूको भनाइ छ।

विशेष महाधिवेशनको माग गर्ने पक्षक्षरले काठमाडौं उपत्यकाका १५ मध्ये ११ क्षेत्रमा एमाले उम्मेदवारको जमानत जफत हुनु र अधिकांश चर्चित र शीर्ष नेताहरू भारी मतान्तरले पराजित हुनु जनताको भावना अनुसार पार्टी नचल्नुको परिणाम भएको निचोड निकालेको छ। एमाले इतिहासको



संगीन मोडमा आएको भन्दै मौजुदा कुनै कमिटीमा सामान्य समीक्षाले मात्र निकास नदिने एक नेताले बताए।

एमालेको विधानअनुसार ठोस कार्यसूची र उचित कारण देखाएर बहुमत राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यले लिखितरूपमा माग गरेको मितिले ६ महिनाभित्र केन्द्रीय कमिटीले विशेष महाधिवेशन आयोजना गर्नुपर्ने उल्लेख छ।

यदि महाधिवेशन आयोजना नगरिए महाधिवेशन प्रतिनिधि परिषद् सदस्यले महाधिवेशन आयोजक कमिटी बनाएर विशेष महाधिवेशन आयोजना गर्न सक्ने वैधानिक व्यवस्था रहेको छ।

दलको नेतामा सुहाउलाई रोकेर समयको बेग बुझ्न नसकेको पार्टी पङ्क्तिकै आलोचनालगत्तै 'बादल प्रकरण' एमालेको पछिल्लो संकटको पानीढलो बनेको छ।

उनको अभिव्यक्तिलाई लिएर विष्णु पौडेलजस्ता नेता नै सार्वजनिक प्रतिवादमा उत्रिनुले अब एमालेमा नेतृत्व परिवर्तनको संघर्ष निर्णायक मोडमा पुगेको केही नेता बताउँछन्।

'संसदमा बादलको विवादास्पद भनाइलाई सचिवालयले सच्याउने निर्णय गरेसँगै नेतृत्वको नैतिक धरातल सकिइसकेको छ', एक पदाधिकारी बताउँछन्।

अझ बादललाई हिरासतबाट ओलीले दिएको कार्यवाहक अध्यक्षको जिम्मेवारीमाथि पनि ओली-शंकर पक्षधर नेता नै असन्तुष्ट छन्। उक्त निर्णय सामूहिक छलफलबाट हुनसक्ने विषय पार्टीमा उठेको छ।

महाधिवेशनको अन्तिम-अन्तिम समयमा ओलीको पक्षमा खुलेका विष्णु पौडेल, पृथ्वीसुब्बा गुरुङलगायत ७ जना तत्कालीन पदाधिकारीकै कारण ईश्वर पोखरेल प्यानल पराजित भएको थियो। अहिले पौडेल स्वयं पनि अब ओलीको बिदाइको पक्षमा उभिएका छन्।

निर्वाचन परिणामलगत्तै पौडेलले नीति र नेतृत्व पुनर्गठनको अभियान थालिने बताएका थिए। यसबीचमा ईश्वर पोखरेल पक्ष र विष्णु पौडेल पक्षबीच लगातार छलफल र बैठकहरू भइरहेका छन्। ओलीको सम्मानजक बिदाइका लागि पौडेल पक्षको साथ निर्णायक भएकाले पोखरेल पक्षले हात बढाएको छ।

यसबीचमा ओलीमाथि राज्यले धरपकड गरेकाले नेतृत्व पुनर्गठनको प्रयास रोकिएको मात्र हो। सकेसम्म ओलीलाई राजीनामा गराउने र त्यसो नहुँदा विशेष महाधिवेशनको विकल्पमा एमाले पङ्क्ति पुगेको छ।

कांग्रेसलाई 'रिभाइभ' गर्न देशव्यापी संवाद अभियान चलाउँदै गगन

काँक्रेविहार संवाददाता
काठमाडौं, २१ चैत

नेपाली कांग्रेसले पार्टीलाई रिभाइभ गर्ने उद्देश्यले सभापति गगन थापाको नेतृत्वमा देशव्यापी रूपमा संवाद कार्यक्रम आयोजना गर्ने भएको छ। कांग्रेसले हालैको निर्वाचनमा भोगेको हारको समीक्षा गर्न तथा पार्टीलाई पुनः सशक्त बनाउने उपाय खोज्न देशव्यापी संवाद अभियान सञ्चालन गर्ने भएको हो। पार्टीको अभिमुखीकरण कार्यक्रमपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै महामन्त्री प्रदीप पौडेलले यस्तो जानकारी दिएका हुन्।

महामन्त्री पौडेलले नागरिक अन्तरक्रिया कार्यक्रम गर्ने भनेर केन्द्रीय समितिले नै निर्णय गरेको भन्दै सोहीअनुसार नागरिकसँग प्रत्यक्ष अन्तरक्रिया कार्यक्रम अगाडि बढाइएको जानकारी दिए।

अभिमुखीकरण कार्यक्रमपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले भने, 'अब हामीले नागरिक अन्तरक्रिया कार्यक्रम गर्ने भनेर केन्द्रीय समितिले नै निर्णय गरेको छ। त्यसैले राष्ट्रियस्तरमा बुद्धिजीवी, पेसाकर्मी, नागरिक अगुवा र विभिन्न क्षेत्रका प्रतिनिधिसँग सभापतिको नेतृत्वमा अन्तरक्रिया र समीक्षा गर्ने योजना बनाएका छौं।'

कांग्रेसले निर्वाचनमा व्यहोरेको हारको विषयमा पनि गहिरो समीक्षा गरिने भन्दै आगामी दिनमा पार्टीलाई पुनर्जीवित गर्न आवश्यक रणनीति पनि तय गरिने उनले बताए।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

कर्णालीवासीका पीडामा राज्यको जिम्मेवारी

कर्णाली प्रदेशमा मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनामा उल्लेखनीय वृद्धि देखिएको छ । कर्णाली प्रदेशभर ६९४ जना मानव अधिकार उल्लंघनका घटनाबाट पीडित भएका छन् । कर्णालीमा मानव अधिकार उल्लंघनका घटनामा देखिएको वृद्धि केवल तथ्यांकको विषय मात्रै होइन । यो राज्यको संवेदनशीलता, जवाफदेहिता र शासन प्रणालीमाथिको गम्भीर प्रश्न पनि हो । इन्सेक कर्णाली प्रदेशले सार्वजनिक गरेको विवरणले देखाएको ६९४ पीडितहरूको संख्या एउटा कठोर यथार्थ हो । जहाँ नागरिकका आधारभूत अधिकारहरू सुरक्षित हुन सकेका छैनन् । कर्णालीमा राज्य पक्षबाट ६ महिला र ७९ पुरूष गरी ८५ जना तथा अन्य पक्षबाट ५३१ महिला र ७८ पुरूष गरी ६०९ जना पीडित भएका छन् । यसरी सबै पक्षबाट प्रभावित हुनेको संख्या ६९४ पुगेको हो । गत वर्ष भने ६०८ वटा घटनामा ५१५ महिला र ८१ पुरूष गरी कुल ५९६ जना पीडित भएका थिए । त्यसैले चिन्ताजनक कुरा नै यी घटनाहरूमा राज्य पक्ष स्वयं संलग्न रहेको देखिनु हो । जसले कानुनी शासनप्रति जनविश्वास कमजोर बनाउँछ ।

प्रदर्शनका क्रममा अत्यधिक बल प्रयोग, विशेषगरी संवेदनशील अंग लक्षित गरी गोली प्रहार गरिनु, कुनै पनि लोकतान्त्रिक व्यवस्थामा स्वीकार्य हुन सक्दैन । जीवनको अधिकारमाथिको यस्तो हस्तक्षेपले राज्यको भूमिका र जिम्मेवारीमाथि गम्भीर प्रश्न उठाउँछ । नागरिकले आफ्नो असन्तुष्टि व्यक्त गर्ने अधिकार लोकतन्त्रको मूल आधार हो, तर त्यसको जवाफ हिंसात्मक दमनले दिइनु दुःखद मात्र होइन, खतरनाक प्रवृत्ति पनि हो । मानव अधिकार संरक्षणका लागि बनेका राष्ट्रिय तथा अन्तर राष्ट्रिय संयन्त्रहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु अर्को ठूलो समस्या हो । विश्वव्यापी अवधिक समीक्षा (यूपिआर) का सिफारिसहरू, राष्ट्रिय कार्ययोजना, तथा संवैधानिक निकायहरूको भूमिकामा देखिएको कमजोरीले उल्लंघनका घटनालाई अप्रत्यक्ष रूपमा प्रोत्साहन गरिरहेको छ । जब नीति र प्रतिबद्धता कागजमै सीमित हुन्छन्, तब पीडितले न्याय पाउने आशा कमजोर बन्छ । न्यायिक प्रक्रियाको ढिलाइ कर्णालीजस्तो दुर्गम क्षेत्रमा झनै जटिल बनेको छ । अदालत, जनशक्ति र पूर्वाधारको अभाव, कमजोर अनुसन्धान प्रणाली, तथा निकायहरूबीच समन्वयको कमीले पीडितलाई थप पीडा दिएको छ । यससँगै सामाजिक कुसंस्कार, डर र लाजका कारण धेरै घटनाहरू सार्वजनिक नै हुन सक्दैनन् । अझ चिन्ताजनक कुरा, स्थानीय तहमा मेलमिलापको नाममा गम्भीर मुद्दा दबाउने प्रवृत्तिले दण्डहीनतालाई संस्थागत बनाउने खतरा बढाएको छ ।

दण्डहीनता नै मानव अधिकार उल्लंघनको मुख्य जरो हो । जब दोषीले सजाय पाउँदैनन्, तब पीडित मात्र होइन, सम्पूर्ण समाज असुरक्षित बन्छ । त्यसैले विधिको शासन सुदृढ गर्नु, निष्पक्ष अनुसन्धान सुनिश्चित गर्नु, र दोषीलाई कडाभन्दा कडा कारबाही गर्नु आजको अपरिहार्य आवश्यकता हो । यसका साथै, द्वन्द्वकालीन न्याय प्रक्रियामा देखिएको सुस्तता पनि गम्भीर चिन्ताको विषय हो । शान्ति सम्झौतापछि लामो समय बितिसक्दा पनि सत्य, न्याय र परिपूरणका सवालहरू अझै अधूरा छन् । यसले पीडितको घाउ झन् गहिरो बनाएको छ र संक्रमणकालीन न्यायप्रति विश्वास कमजोर पारेको छ । अब राज्य, नागरिक समाज र सरोकारवाला सबैले संयुक्त रूपमा मानव अधिकार संरक्षणलाई प्राथमिकतामा राख्ने समय आएको छ । नागरिक सचेतना अभिवृद्धि, सुशासन प्रवर्द्धन, र संस्थागत सुधारमार्फत मात्र दीगो समाधान सम्भव छ । मानव अधिकार कुनै विलासिता होइन, यो प्रत्येक नागरिकको जन्मसिद्ध अधिकार हो । यदि राज्यले समयमै ठोस कदम चाल्न सकेन भने, यस्ता उल्लंघनहरू केवल संख्या बढ्ने तथ्यांकमा सीमित रहने छैन । किनकी तिनीहरूले लोकतन्त्रको आधार नै कमजोर पार्नेछन् । त्यसैले, अब ढिला नगरी, मानव अधिकारको रक्षा गर्न दृढ, प्रभावकारी र उत्तरदायी पहल आवश्यक छ ।

नेपाली राजनीतिको सर्वव्यापी भाष्य : विदेशी शक्तिको षड्यन्त्र



✍ महेश्वर ढकाल

आजको आवश्यकता विदेशी शक्तिलाई गाली गर्नु होइन, आफ्नो राज्य क्षमता बलियो बनाउनु हो । नीतिगत स्पष्टता, संस्थागत मजबुत, पारदर्शी तथा जिम्मेवार नेतृत्वमार्फत त्यो सम्भव पनि छ । जबसम्म नेपाली राजनीतिज्ञ तथा दलहरूले आफ्ना कमजोरी स्विकार्दैन, तबसम्म 'विदेशी षड्यन्त्र' भन्ने पदावली नेपाली राजनीतिमा बारम्बार यो वा त्यो बहानामा प्रयोग भइरहनेछ ।

नेपालको समकालीन राजनीतिमा सबैभन्दा बढी दोहोरिने शब्दावलीमध्ये एक हो- विदेशी शक्तिको षड्यन्त्र । सरकार ढल्दा, आन्दोलन चर्किँदा, संविधान संशोधनको बहस उठ्दा वा नेतृत्वमाथि प्रश्न उठ्दा यो शब्द सहजै प्रयोगमा आउँछ । तर प्रश्न उठ्छ, के वास्तवमै नेपाली राजनीतिका सबै उतार-चढाव विदेशी शक्ति योजनाका उपज हुन् वा यो शब्द आन्तरिक असफलता ढाकछोप गर्ने स्वाभाविक आवरण मात्र हो ?

नेपालको भूराजनीतिक अवस्थालाई नबुझी यो प्रश्नको उत्तर खोज्नु सम्भव छैन । दुई विशाल शक्ति भारत र चीनबिच अवस्थित नेपाल भौगोलिक रूपमा मात्र होइन, रणनीतिक रूपमा पनि अत्यन्त संवेदनशील देश हो ।

दक्षिण एसियाको सुरक्षा संरचना, हिन्द-प्रशान्त रणनीति, 'बेल्ट एन्ड रोड इनिसिएटभ' जस्ता शक्ति राष्ट्रहरूका परियोजनाहरूका बाछिटाहरूले सजिलै भेटाउने स्थानमा रहेको नेपाल स्वाभाविक रूपमा अन्तर्राष्ट्रिय चासोको केन्द्रमा पर्छ । यस अर्थमा नेपालमा विदेशी चासो हुनु स्वाभाविक हो ।

तर चासो हुनु र षड्यन्त्र हुनु एउटै कुरा होइनन् । यो कुरा बुझ्न नसक्नु नै नेपाली राजनीतिक बहसको मूल समस्या हो । अन्तर राष्ट्रिय सम्बन्धमा प्रत्येक राज्यले आफ्नो राष्ट्रिय हितअनुसार व्यवहार गर्छ । विकास साझेदार वा शक्ति राष्ट्रहरूले नेपालमा रुचि देखाउनु अन्तर राष्ट्रिय राजनीतिक तथा कूटनीतिक व्यवहारको सामान्य प्रक्रिया हो । त्यसलाई स्वतः षड्यन्त्र ठहर गर्नु राजनीतिक विश्लेषणभन्दा बढी राजनीतिक नाराबाजी र स्टन्टबाजी मात्र हो ।

वास्तविक समस्या त्यहाँ सुरु हुन्छ, जहाँ नेपाली राजनीतिक नेतृत्व आफ्नो निर्णय क्षमतामा असफल हुन्छ । जब नीति निर्माण स्पष्ट हुँदैन, राष्ट्रिय प्राथमिकता तय गरिँदैन र संस्थागत क्षमता कमजोर रहन्छ, तब बाह्य प्रभाव प्रवेश गर्न सजिलो हुन्छ । यस्तो अवस्थामा विदेशी शक्तिलाई दोष दिनु भनेको आफ्नो कमजोरी देखाउन र आत्मसमिक्षा गर्न नचाहने प्रवृत्तिको निरन्तरता मात्र हुन्छ ।

नेपालमा सरकार ढल्दा वा प्रधानमन्त्री परिवर्तन हुँदा, दल विभाजन हुँदा वा सत्ता समीकरण फेरिँदा 'फलानो देशको हस्तक्षेप' को चर्चा हुनु वा कुनै न कुनै दूतावासको नाम जोडिनु सामान्य जस्तै भइसकेको छ ।

इतिहास हेर्ने हो भने पनि 'विदेशी षड्यन्त्र' भन्ने भाष्य प्रायः सत्ताको रक्षा, विपक्षलाई कमजोर पार्न वा जनआक्रोश मोड्न प्रयोग हुँदै आएको देखिन्छ । तर यथार्थमा ती घटनाहरूको जरो धेरैजसो आन्तरिक शक्ति संघर्ष, नेतृत्वको अदूरदर्शिता र संस्थागत कमजोरीमै गाडिएको पाइन्छ । नेपाली राजनीतिमा विदेशी शक्तिको षड्यन्त्रको भाष्य आकस्मिक रूपमा विकसित भएको होइन, बरु यसका जरा नेपाल एकीकरणको प्रारम्भिक चरणदेखि नै फैलिएका देखिन्छन् ।

दक्षिणमा ब्रिटिस इस्ट इन्डिया कम्पनी र उत्तरमा साम्राज्यवादी चिनियाँ प्रभावबिच सन्तुलनमा राख्नुपर्ने भू-राजनीतिक यथार्थतासँगै विभिन्न कालखण्डमा घटेका घटनाहरूको बहससँगै यो भाष्य पनि बलियो बन्दै गयो । दरावरभित्रको राजनीति, राणा शासनकाल, प्रजातन्त्र प्राप्तिको आन्दोलन, पञ्चायती व्यवस्था हुँदै विदेशी शक्तिको षड्यन्त्र भन्ने भाष्य नेपाली राजनीतिक वृत्तमा झनै सर्वव्यापी र प्रभावशाली बन्दै गएको ऐतिहासिक पृष्ठभूमि देखिन्छ ।

पञ्चायती व्यवस्थाको पतनपछि तत्कालै उठेको प्रश्न थियो के बहुदलीय प्रजातन्त्र स्थापना गर्न सफल यो आन्दोलन पूर्णतः आन्तरिक थियो, कि बाह्य शक्तिको सहायताले सम्भव भयो ? भारतको तत्कालीन राजनीतिक परिवेश, सीमावर्ती गतिविधि र कूटनीतिक सक्रियतालाई देखाउँदै कतिपयले ०४६ को परिवर्तनलाई पनि ' विदेशी डिजाइन' का रूपमा व्याख्या गरे ।

तर यथार्थमा भन्ने हो भने तीन दशक लामो दमन, राजनीतिक निषेध र व्यापक जनअसन्तुष्टि नै आन्दोलनको मूल इन्धन थियो ।

फेरि ०६२/०६३ को जनआन्दोलनले ल्याएको परिवर्तनपछि संविधान निर्माण प्रक्रिया सुरु हुँदा पनि 'विदेशी षड्यन्त्र र चलखेल' को आरोप निरन्तर चलिरह्यो ।

त्यो क्रम ०७२ सालको संविधान जारी हुँदा, एमसीसी सम्झौता लगायत अन्य विभिन्न घटनाक्रम हुँदै हालैको जेनजी आन्दोलनको व्याख्यासम्मै जारी छ ।

प्रजातन्त्रको मेलो समात्न नजान्दा स्वतन्त्रता प्राप्तिको ६ वर्ष पुग्दा नपुग्दै सुरु भएको माओवादीको दश वर्षे सशस्त्र द्वन्द्व क्रममा 'विदेशी शक्तिको षड्यन्त्र' भन्ने शब्द सबैभन्दा बढी प्रयोगमा आयो । कहिले भारतको संरक्षणको आरोप त कहिले पश्चिमा शक्तिको 'राज्य अस्थिर बनाउने रणनीति' को कथा ।

तर द्वन्द्वको जड भने गहिरो सामाजिक-आर्थिक असमानता, राज्यशक्ति र स्रोतको केन्द्रिकरण, राजनीतिक उपेक्षा आदिमा गाडिएको थियो । तर विदेशी भूमिकाको बहसले द्वन्द्व समाधान त गरेन बरु राज्यको नीतिगत असफलता ढाक्ने काम चाहिँ गऱ्यो ।

फेरि ०६२/०६३ को जनआन्दोलनले ल्याएको परिवर्तनपछि संविधान निर्माण प्रक्रिया सुरु हुँदा पनि 'विदेशी षड्यन्त्र र चलखेल' को आरोप निरन्तर चलिरह्यो । त्यो क्रम ०७२ सालको संविधान जारी हुँदा, एमसीसी सम्झौता लगायत अन्य विभिन्न घटनाक्रम हुँदै हालैको जेनजी आन्दोलनको व्याख्यासम्मै जारी छ ।

सामाजिक सञ्जालबाट सुरु भएको जेनजी पुस्ताको असन्तुष्टि सडकमा आयो, सत्तालाई प्रश्न गऱ्यो र स्थापित राजनीतिक नेतृत्वलाई नै विस्थापित बनाइदियो । तर युवा पुस्ताको असन्तोषलाई बुझ्ने भन्दा पनि त्यसको स्रोत बाहिर खोज्ने प्रवृत्ति यसपटक पनि दोहोरियो । सामाजिक सञ्जालमा उठेका प्रश्नलाई 'डिजिटल म्यानिपुलेसन', 'एनजीओ नेटवर्क' वा 'बाह्य एजेन्डा' सँग जोड्ने प्रयास भए । आन्दोलन किन उठ्यो भन्ने भन्दा पनि कसले उचाल्यो भन्ने बहस हाबी भयो ।

भूराजनीतिक यथार्थ यहाँ पनि सान्दर्भिक छ । सामाजिक सञ्जाल र अन्तर्राष्ट्रिय प्रवृत्तिले युवाहरूको सोचमा प्रभाव पार्नु अस्वाभाविक होइन । तर त्यस प्रभावलाई षड्यन्त्र ठहर गर्नु भन्दा पनि राजनीतिक प्रणालीले किन यो पुस्तालाई आश्वस्त पार्न सकेन भन्ने प्रश्न गम्भीर छ । युवाको चेतनालाई बाह्य शक्तिको खेल ठान्नु, आफ्नो राजनीतिक असफलता स्वीकार गर्न नचाहनु मात्र हो ।

अन्त्यमा एउटा सामान्य प्रश्न, नेपालमा विदेशी शक्ति बढी प्रभावशाली छ कि हाम्रो राज्य शक्ति बढी कमजोर ? यसको उत्तर मनैदेखि दिने हो भने वास्तविकता छर्लङ्ग हुन्छ । अतः बलियो नीति, स्पष्ट कूटनीति र संस्थागत राजनीति भए विदेशी चासो कुनै ठुलो चुनौती होइन, अवसर बन्न सक्छ । तर जब राज्य आफैँ अनिर्णयमा अल्झिन्छ, तब 'षड्यन्त्र' शब्द सबैभन्दा सजिलो उत्तर बन्छ ।

आजको आवश्यकता विदेशी शक्तिलाई गाली गर्नु होइन, आफ्नो राज्य क्षमता बलियो बनाउनु हो । नीतिगत स्पष्टता, संस्थागत मजबुत, पारदर्शी तथा जिम्मेवार नेतृत्वमार्फत त्यो सम्भव पनि छ । जबसम्म नेपाली राजनीतिज्ञ तथा दलहरूले आफ्ना कमजोरी स्विकार्दैन, तबसम्म 'विदेशी षड्यन्त्र' भन्ने पदावली नेपाली राजनीतिमा बारम्बार यो वा त्यो बहानामा प्रयोग भइरहनेछ ।

भूराजनीतिक यथार्थ स्वीकार गर्नु भनेको विदेशी शक्तिको प्रभाव स्विकार्नु कदापि होइन, बरु त्यसलाई सन्तुलनमा राख्ने क्षमता विकास गर्नु हो । समस्या त तब सुरु हुन्छ जब राजनीतिक दलहरू स्वयं विदेशी शक्ति प्रयोग गरेर आन्तरिक प्रतिद्वन्द्व जित्न खोज्छन्, अनि असफल भएपछि ' षड्यन्त्र' को आरोप लगाउँछन् ।

यसर्थ, नेपाली राजनीतिमा 'विदेशी शक्तिको षड्यन्त्र' भन्ने पदावलीलाई सत्यको अन्तिम व्याख्या होइन, की राजनीतिक भाषिक रणनीतिका रूपमा बुझ्न आवश्यक छ । यसले जनतालाई भावनात्मक रूपमा उत्तेजित त गर्छ, तर समस्याको समाधान गर्दैन । उल्टो, यसले राष्ट्रिय आत्मविश्वास कमजोर बनाउँछ र राजनीतिक जबाफदेहिताबाट नेतृत्वलाई मुक्त गरिदिन्छ ।

आजको आवश्यकता विदेशी शक्तिलाई गाली गर्नु होइन, आफ्नो राज्य क्षमता बलियो बनाउनु हो । नीतिगत स्पष्टता, संस्थागत मजबुत, पारदर्शी तथा जिम्मेवार नेतृत्वमार्फत त्यो सम्भव पनि छ । जबसम्म नेपाली राजनीतिज्ञ तथा दलहरूले आफ्ना कमजोरी स्विकार्दैन, तबसम्म 'विदेशी षड्यन्त्र' भन्ने पदावली नेपाली राजनीतिमा बारम्बार यो वा त्यो बहानामा प्रयोग भइरहनेछ ।

बलात्कारीको कुनै जात, धर्म र पद हुँदैन



✍ लक्ष्मी बर्देवा

प्रत्येक व्यक्तिका आफ्ना नैतिक संकट र सीमा हुन्छन् भने जस्तै प्रत्येक समाजका पनि आफ्नै नैतिक संकट र सीमा हुँदा रहेछन् । नेपाली समाज यतिबेला त्यस्तै गम्भीर नैतिक संकटबाट गुज्रिरहेको छ ।

बाहिरबाट हेर्दा हामी सभ्य, सुसंस्कृत र एकअर्काको सुख दुःखमा साथ दिने 'परोपकारी' देखिन्छौं । तर मुकुण्डो भित्र त्यस्तो बीभत्स अनुहार लुकेको छ, जसले शक्ति, पहुँच र पुरुषत्वको दम्भमा अर्काको अस्तित्वलाई नकार गर्छ ।

वर्षौंदेखि आफ्नै वरपर रहेर, समाजसेवाको मुकुण्डो भिरेर वा व्यावसायिक सफलताको ओत लागेर 'स्वच्छ छवि' बनाएका व्यक्तिहरू जब बलात्कार जस्तो जघन्य अपराधमा गर्छन्, तब समाजको एउटा तप्का अपराधीलाई दण्डित गर्न होइन, बरु उसलाई जोगाउन ढाल बनेर उभिन्छ । यो लेखोट तात्कालिक घटनाको विवरण होइन, यो त हाम्रो समाजमा जरो गाडेर बसेको बलात्कारी मानसिकता र त्यसलाई मलजल गर्ने सामाजिक संरचना विरुद्धको हाँक हो ।

हाम्रो समाजको सबैभन्दा ठुलो रोग पाखण्डीपन हो । जब कुनै प्रतिष्ठित भनिने व्यक्तिको वास्तविक अनुहार समाजका अघिल्तिर छर्लङ्ग हुन्छ, समाज स्पष्ट रुपमा दुईवटा धारमा विभाजित हुन्छ । एउटा धार न्यायको पक्षमा उभिन्छ भने अर्को ठुलो धार 'उसले यस्तो गर्नै सक्दैन' भन्दै पीडकको चरित्र प्रमाणीकरण गर्नतर्फ लाग्छ ।

पीडकको पक्षमा उभिएको समाजको त्यो तप्का पीडितको म्यासेन्जर, ह्वाट्स्यापमा पुगेर ' किन बोलेको ?', 'यति ढिला किन बोलेको ?', 'पक्कै पैसाको बार्गेनिङ गर्न खोजेको होला' जस्ता तुच्छ लाञ्छना लगाउनतर्फ लाग्यो । तर, त्यही तप्काका मानिस पीडकलाई प्रश्न गर्ने आँट गर्दैनन् ।

पीडकको रक्षा र पीडितको चारित्रिक प्रमाणपत्र बोकेर समाजमा छताछुल्ल त्यो तप्काले हाम्रो समाजको वास्तविक पिडकमैत्री अनुहारलाई सबैका अघिल्तिर उभ्याई दिएको मात्र हो । यो प्रवृत्तिले हाम्रो समाजमा 'न्याय' भन्दा 'प्रतिष्ठा' ठुलो हो र त्यो प्रतिष्ठा पनि केवल पुरुषको मात्र सुरक्षित छ भन्ने देखाउँछ ।

नेपालमा बलात्कारलाई ' यौनजन्य घटना' का रूपमा मात्र हेरिन्छ । तर, यो शक्ति अभ्यासको एउटा निकृष्ट रूप हो । पितृसत्तात्मक समाजमा पुरुषले महिलालाई आफ्नो अधीनमा राख्न, उसलाई मानसिक रूपमा भत्काउन र आफ्नो वर्चस्व कायम गर्न बलात्कारलाई हतियार बनाउँछ ।

नेपालको मुलुकी अपराध संहिता २०७४ ले बलात्कारलाई जघन्य अपराध मान्दै कडा सजायको व्यवस्था गरेको छ । तर, कानुन हुनु र न्याय पाउनुबिचको दुरी नेपालमा निकै फराकिलो छ । लामो समयसम्म बलात्कारका मुद्दामा रहेको हदम्यादले गर्दा धेरै पीडितहरूले उजुरी नै गर्न सकेनन् । भर्खरै केही सुधार भए पनि बालबालिका र वयस्कका हकमा अझै पनि व्यवहारिक जटिलताहरू छन् ।

आजको जमानामा पनि मानिसहरू सजिलै भनिदिन्छन्, 'महिलालाई अधिकार धेरै भयो, त्यसैले यस्ता घटना बढेका हुन ।' के अधिकार पाउनु भनेको बलात्कृत हुनुको निमन्त्रणा हो ? चिया पसलदेखि सामाजिक सञ्जालसम्म महिलालाई 'दास', पुरुषलाई 'मालिक' झैं दर्साउने अनेकौं कथ्य रचना गरिएका छन् । पिडकमैत्री भाष्यको इकोच्याम्बरमा सबैलाई 'पीडक नै वास्तविक पीडित हो र पीडित महिला नै पीडक हो' जस्तो बनाइएको छ ।

वास्तवमा यही मानसिकताले बलात्कारलाई प्रश्रय दिइरहेको छ । जब समाजले महिलालाई केवल उपभोगको वस्तु मात्र सम्झन्छ, तब उसको इच्छा, मन्जुरी र आत्मसम्मानको कुनै अर्थ रहँदैन् ।

नेपालको मुलुकी अपराध संहिता २०७४ ले बलात्कारलाई जघन्य अपराध मान्दै कडा सजायको व्यवस्था गरेको छ । तर, कानुन हुनु र न्याय पाउनुबिचको दुरी नेपालमा निकै फराकिलो छ । लामो समयसम्म बलात्कारका मुद्दामा रहेको हदम्यादले गर्दा धेरै पीडितहरूले उजुरी नै गर्न सकेनन् । भर्खरै केही सुधार भए पनि बालबालिका र वयस्कका हकमा अझै पनि व्यवहारिक जटिलताहरू छन् ।

बलात्कार जस्तो एकान्तमा हुने र शक्ति प्रयोग गरिने घटनामा 'भौतिक प्रमाण' खोज्ने हाम्रो अदालती प्रक्रियाले पीडितलाई थप पीडा दिन्छ । 'बलात्कार हुँदै गर्दा के कति प्रतिरोध गऱ्यौ ?' भन्ने प्रश्नले पीडितलाई अपराधीले जत्तिकै मानसिक चोट पुऱ्याउँछ ।

जब पीडितले 'मलाई थाहा छ, मैले न्याय पाउँदिनँ र अब लड्ने हिम्मत पनि छैन ।' भनिन् म स्तब्ध भएँ । शुन्य ! बरफझैं जमेकी म पिडिता सँग-सँगै मेरो न्याय व्यवस्था, पीडितको न्यायालयप्रतिको विश्वास र मेरो समाजको पिडकमैत्री व्यवहार सबै एकैपटक सम्झन पुगें ।

के यो गम्भीर र सोच्नु पर्ने कुरा होइन ? के तपाईं-हामीलाई समाजको ठुलो तप्कामा पिडकमैत्री सोच झाँझ्रिदै जानु समाजकै लागि हितकर होइन भन्ने लाग्दैन ? के मेरो समाज पहिलेदेखि नै यस्तै थियो ? हामी नेपाली यस्तै थियौं ? परपीडक ?

नेपालको न्याय प्रणालीमा राजनीतिक हस्तक्षेप र शक्ति सम्बन्धको यति गहिरो प्रभाव छ कि, अपराधीले सजिलै सफाइ पाउने वा मुद्दालाई कमजोर बनाएर न्यायालयबाटै धोइ-पखाली गरी पीडकलाई समाजमा पुनः स्थापित गराउन सकिन्छ भन्ने हामीले विगतका केही बलात्कारजन्य मुद्दाहरूमा देखि सकेका छौं ।

आजको युगमा सामाजिक सञ्जाल न्यायका लागि एउटा सशक्त माध्यम त बनेको छ । तर, यसले पीडितका लागि 'नयाँ रणभूमि' पनि सिर्जना गरिदिएको छ । कुनै घटना सार्वजनिक हुनासाथ ' भन्नेले खुलेआम भन्न सक्नु पर्छ', 'पीडित भनौदिको फोटो यही हो' भन्दै पीडितको फोटो, ठेगाना र व्यक्तिगत जीवनका कुराहरू सार्वजनिक गरिन्छ । यति मात्रै होइन, सामाजिक सञ्जालबाटै खुलेआम बलात्कारको आह्वान गरिएको हामीले देखि रहेकै छौं ।

लोकतान्त्रिक राज्य व्यवस्थामा न्याय फेरि पनि मर्नु हुँदैन । पीडितले न्याय पाउने र यो देशका सम्पूर्णले न्याय पाएको महसुस गराउने जिम्मेवारी न्यायालयकै हो । संयोगवश हिजो मात्रै न्यायालयको जिम्मेवारी महिलाकै काँधमा आई पुगेको छ । यो देशका सम्पूर्ण महिलाहरूले आशापूर्ण नजरसाथ कायममुकायम प्रधानन्यायाधीश सपना मल्ल प्रधानतर्फ हेरिरहेका छन् । महिलाले आवाज उठाउँदा 'मर्यादाहीन', 'चरित्रहीन' वा ' अतिवादी' को संज्ञा दिनु अहिलेको अनलाइन ट्रेन्ड बनेको छ । 'महिला अधिकारका कुरा धेरै भए' भन्नुको पछाडि पुरुषको अहम् र असुरक्षा लुकेको प्रस्ट बुझिन्छ । पितृसत्ताको निकृष्ट सांस्कृतिक चिन्तन प्रणालीमा हुर्किएकाहरू महिला 'पुरुषको जाँघमुनी' हुनुपर्छ भन्ने सोच्छन् । आजका सशक्त र आजाद महिला देखेर उनीहरू असुरक्षा महसुस गर्दैछन् ।

हामीले जसलाई 'भद्र', 'सफल' वा 'आदर्श' मान्छौं, उनीहरू नै भित्र-भित्रै राक्षसी प्रवृत्ति पालेर बसेका हुन् सक्छन् भन्ने कुरा धेरै पटक, धेरै घटनाले पुष्टि गरेका छन् । समाजले सधैं बाहिरी आवरणलाई पुज्छ । यदि कोही व्यक्ति सफल छ वा ठुलो ओहोदामा छ भने, उसले गरेको साना-ठुला अपराधलाई 'भुलवश भएको' भन्दै माफी दिने संस्कार हामी कहाँ छ । तर, के यस्तै माफी हामी बलात्कारीलाई पनि दिन तयार भएका हौं ?

यहाँ एकदमै सामान्य प्रश्न छ- बलात्कार गर्ने अपराधी हो वा होइन ? मुख लुकाएर हिँड्नु पर्ने बलात्कारीले हो वा बलात्कार पीडित महिलाले ? समाजमा इज्जत बलात्कारीको जानु पर्ने हो वा बलात्कार पीडित महिलाको ?

तर यहाँ त बलात्कार पीडित महिलाको घाउ झन्-झन् बल्झाएर त्यसमा पो हामी आनन्द मानिरहेका छौं । के हामीले सोचेको, निर्माण गर्न चाहेको समाज त्यस्तै हो ? जहाँ बलात्कारी खुलेआम मञ्चमा विराजमान हुन्छ र बलात्कृत महिलाहरू मुख लुकाएर लुकी-लुकी हिँड्नु परोस् ।

जगदुल्ला-ए को १२४ मेगावाट विद्युत् प्रसारणका लागि समझदारी



काँक्रेविहार संवाददाता
सुर्खेत, २१ चैत

१२४.३५ मेगावाट क्षमताको जगदुल्ला जलविद्युत् कम्पनी लिमिटेड र राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड (आरपिजिसिएल) बीच जगदुल्ला-ए आयोजनाबाट उत्पादन हुने विद्युत् प्रसारणका लागि समझदारी भएको छ।

समझदारीअनुसार १२४.३५ मेगावाट क्षमताको आयोजनाबाट उत्पादित विद्युत् ४०० केभी क्षमताको भेरी कोरिडोर प्रसारण लाइनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिने छ। आवश्यक प्रसारण पूर्वाधारको निर्माण तथा विस्तारमा दुवै कम्पनीले सहकार्य गर्ने भएका छन्।

समझदारीपत्रमा आरपिजिसिएलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सागर श्रेष्ठ र जगदुल्ला जलविद्युत् कम्पनीका सिइओ सञ्जय सापकोटाले हस्ताक्षर गरेका छन्। यो सहकार्यलाई नेपालको ऊर्जा प्रणाली सुदृढीकरण, विद्युत् आपूर्ति प्रणालीको विश्वसनीयता अभिवृद्धि तथा दीर्घकालीन प्रसारण क्षमता विस्तारतर्फ महत्त्वपूर्ण कदमका रूपमा लिइएको छ।

आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भइसकेको छ। अब वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) गरी निर्माण चरणमा प्रवेश गर्ने तयारी भइरहेको जनाइएको छ। यो आयोजना डोल्पामा निर्माण गर्न लागिएको १०६ मेगावाटको जगदुल्ला जलविद्युत् आयोजनाको क्यास्केड आयोजना हो।

यता, राष्ट्रिय प्रसारण ग्रिड कम्पनीले करिब ७५ किलोमिटर लम्बाइको भेरी कोरिडोर प्रसारण लाइनसमेत निर्माणको तयारी गरिरहेको छ। उक्त लाइन एक्जिम बैंकको सहयोगमा निर्माण गरिने र अध्ययन सम्पन्न भई निर्माणको पूर्वतयारी अन्तिम चरणमा पुगेको कम्पनीले जनाएको छ।

कर्णालीका युवाको माग–

आगामी स्थानीय तथा प्रदेशको निर्वाचनमा ई-भोटिङको व्यवस्था गरियोस्

काँक्रेविहार संवाददाता
सुर्खेत, २१ चैत

कर्णाली प्रदेशका युवाहरूले आगामी स्थानीय तथा प्रदेशसभाको निर्वाचनमा ई-भोटिङको व्यवस्था मिलाउन माग गरेका छन्। उनीहरूले ई-भोटिङ, नागरिक छन् त्यहींबाट मतदान गर्ने व्यवस्था मिलाउन माग गर्दै निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीलाई ज्ञापनपत्र बुझाएका हुन्।

नेपालभित्रै रहेका लाखौं नागरिक मतदान अधिकार प्रयोग गर्नबाट वञ्चित भइरहेको भन्दै कर्णालीका युवाहरूले नेपालको निर्वाचनको अवस्था, समस्या र प्रि भोटिङ, पोस्ट भोटिङ तथा ई-भोटिङको लागि १० सुधारका उपायहरू समेटिएको सुझावसहितको ज्ञापनपत्र कार्यवाहक प्रमुख आयुक्त भण्डारीलाई बुझाएका हुन्।

ई-भोटिङ तथा नागरिक छन् त्यहींबाट मतदान गर्ने व्यवस्था मिलाउन सम्भव नभए कर्णाली तथा विकट जिल्लाहरूमा मतदान गर्न जाने-आउने खर्च राज्यले बेहोर्ने व्यवस्था मिलाउन पनि उनीहरूले माग गरेका छन्।

ज्ञापनपत्रमा बुझाउँदै उनीहरूले हालै सम्पन्न निर्वाचनमा आफूहरूको आर्थिक अभाव, समयको कमी, सडक पूर्वाधारका कारण आउजाउमा कठिनाइलगायत समस्याले मताधिकारको प्रयोग गर्न नपाएको, कर्णालीका युवालाई मताधिकार प्रयोग गर्नबाट राज्यले नै वञ्चित गरेको र नयाँ पार्टीहरूले कर्णाली र सुदूरपश्चिमका नागरिक भेडा हुन् जस्ता गलत भाष्य स्थापित गराएको भन्दै आपत्ति जनाए।

कार्यवाहक प्रमुख आयुक्त भण्डारीलाई बुझाएको ज्ञापनपत्रमा पछिल्ला वर्षहरूमा मतदाता सहभागिता निरन्तर घट्दै गएको तथ्य प्रस्तुत गरिएको छ। २०७० सालमा ७४ प्रतिशत रहेको सहभागिता हाल २०८२ मा घटेर करिब ५८ प्रतिशतमा सीमित भएको उल्लेख गर्दै विशेषगरी कर्णाली, सुदूरपश्चिम र अन्य दुर्गम क्षेत्रमा ५० प्रतिशत हाराहारीमै मत खस्नु गम्भीर चिन्ताको विषय बनेको उल्लेख गरिएको छ।

युवा समूहका संयोजक आशिष देवकोटाले समस्या केवल विदेशमा रहेका नेपालीसँग मात्र सम्बन्धित नभई देशभित्रै रहेका नागरिकहरूमा बढी गम्भीर देखिएको बताए। उनका अनुसार मुगु, डोल्पा, जुम्ला, बाजुरा र हुम्ला जस्ता दुर्गम जिल्लाका नागरिकलाई मतदान गर्न काठमाडौं तथा तराईका जिल्लाहरूबाट आउन जान मात्र प्रति व्यक्तिलाई २५-३० हजार रुपैयाँसम्म खर्च लाग्ने अवस्था छ। सोही कारण धेरै नागरिक व्यावहारिक रूपमा मतदान प्रक्रियाबाट बाहिरिएको उनले बताए।

कर्णाली, सुदूरपश्चिम, हिमाली, मध्यपहाडी तथा विकट जिल्लाहरूबाट नेपालको सुगम स्थानमा बसोबास गर्ने विद्यार्थी, रोजगारीमा रहेका युवा तथा आन्तरिक बसाइँसराइका कारण स्थायी ठेगानाभन्दा टाढा रहेका नागरिकहरू पनि मतदानबाट वञ्चित भइरहेको विषय ज्ञापनपत्रमा समेटिएको छ। बिदा नपाउने, लामो दूरी यात्रा गर्नुपर्ने र प्रक्रिया जटिल हुने कारणले उनीहरूको सहभागिता घट्दै गएको उल्लेख गरिएको छ।

विभिन्न राजनीतिक दलले कर्णाली, सुदूर, विकट तथा पहाडी क्षेत्रका नागरिकलाई भोट हाल्नको लागि प्रतिव्यक्ति २०-३० हजार खर्च गरिरहेको भन्दै मत किनबेच जस्तो जघन्य अपराधलाई पनि निर्वाचन आयोग रमिते बनेको उनीहरूले आरोप लगाए। सो विषयमा आयोग गम्भीर नदेखिएको भन्दै युवा आशिष देवकोटाले प्रश्न गरेका थिए।

कर्णाली तथा सुदूरपश्चिमको मात्र नभई काठमाडौंमा करिब ५० प्रतिशत मात्र मत खस्नु पनि निर्वाचन आयोग कमजोरी शैलीमाथि पनि प्रश्न उठाएका छन्।

ज्ञापनपत्र बुझ्दै निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त भण्डारीले मतदान अधिकार विस्तारसम्बन्धी विधेयक विगत तीन वर्षदेखि गृह मन्त्रालयमा रोकिएको जानकारी गराएका थिए।

कर्णाली र सुदूरपश्चिम प्रदेश तथा नेपालको हिमाली तथा पहाडी विकट जिल्लाहरूको सहभागी मतदाताको संख्या हेर्दा आफूहरू चिन्तित भएको र यो समस्या आफूहरूले मात्र समाधान गर्न नसक्ने भन्दै प्रमुख आयुक्त भण्डारीले सरकार तथा गृह मन्त्रालयमा दबाब दिन सुझाएका थिए।

युवाहरूले उक्त विधेयक शीघ्र पारित गर्न प्रमुख आयुक्त भण्डारीमार्फत सरकारलाई पनि आग्रह गरेका छन्।

चलचित्र 'राम नाम सत्य' को ट्रेलर युट्युबको ट्रेन्डिङ १ मा

काँक्रेविहार संवाददाता
काठमाडौं, २१ चैत

चैत्र २७ गतेबाट सोलो रिलिजमा आउन लागेको चलचित्र 'राम नाम सत्य' को ट्रेलर युट्युबको ट्रेन्डिङ १ मा परेको छ। सस्पेन्स, प्रेम र एक्सनले भरिएको यो चलचित्रको ट्रेलर बुधबार सार्वजनिक गरिएको थियो। युट्युबमा सार्वजनिक भएको केही समयमै चलचित्रको ट्रेलर ट्रेन्डिङको लिस्टमा उक्लिएको थियो। माइकल चन्दको कथा, पटकथा र लेखन रहेको यो चलचित्रको ट्रेलरले सार्वजनिक भएको १ घन्टा ३० मिनेटमै युट्युबको सिनेमा विधा अर्न्तगत नेपालमा, ८ नम्बरको ट्रेन्डिङमा पकड जमाएको थियो। अहिले भने यो एक नम्बरमा उक्लिएको छ। ट्रेलरलाई २४ घन्टामा १० लाख भन्दा बढी पटक हेरिएको छ। ट्रेलरबाट पाएको उत्कृष्ट प्रतिक्रियाले आफू अझै उत्साहित भएको निर्देशक चन्दको भनाई छ। सार्वजनिक ट्रेलरमा विराज भट्टको दमदार एक्सन, नायक सुशील श्रेष्ठ र नायिका दिव्या रायमाझीको प्रेम र विराज अनि सुशीलको एक्सन समावेश छ। चलचित्रमा टिकटर आयुष सिंह ठकुरीको पनि भूमिका विशेष छ। यसै चलचित्रबाट डेब्यु गरेका ठकुरीको, सस्पेन्स भूमिकाले दर्शकमा उत्सुकता जगाउने निर्माण टिमको दाबी छ। यो चलचित्रबाट अर्की नव(नायिका खुशी काकीले पनि डेब्यु गरेकी छिन।



चलचित्रमा विराज, आयुश, खुसी, दिव्या र सुशीलका अलावा सुपुष्पा भट्ट, दिनेश डीसी, सुधिर श्रेष्ठ, आशा पौडेल, सन्तोष सरकार, विकास खनाल, रवि, सुशान्त कुमार श्रेष्ठ, उपेन्द्र शाही, रामेश्वर शाह, कनिज कोइराला, लोकेन्द्र जीसी, हेमा खड्का, दिपक कोइराला, विनुता विमली, सरोज शाह लगायतका कलाकारहरुको अभिनय छ। यस्तै, चलचित्रमा आयुष विक्रम शाही, अधिराज चन्द, संरचना चन्द र श्रृ ला बिष्ट बाल(कलाकारको रुपमा छन। माइकल इन्टरटेन्मेन्ट हाउसको प्रस्तुतिमा निर्माण भएको यो चलचित्रमा उपेन्द्र शाही र स्वेता विमलीको लगानी छ। किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार कार्यकारी निर्माता रहेको चलचित्रका सह(निर्मातामा तेजराज चटौत र सह(निर्मातामा दमन बहादुर चन्द छन।

मोती काकी क्रियटिभ निर्माता रहेको यो चलचित्रमा राजेन्द्र आचार्य लाइन प्रोड्यूसरको रुपमा छन। मानकृष्ण महर्जनको डीओपी रहेको चलचित्रमा श्री श्रेष्ठको एक्सन, बन्दे प्रसादको सम्पादन,काला चरणको व्याक ग्राउन्ड म्यूजिक, सियोन श्रेष्ठको कोरियोग्राफी र शेर बहादुर लामाको छायांकन छ। अभिमन्यू निरवी र समय थपलिया चलचित्रका स्क्रिप्ट कन्सलट्यान्ट हुन्। यो चलचित्रमा समावेश 'धागोले बाटेको' बोलको गीत पनि सामाजिक संजालमा हिट छ। प्रदर्शन भएको १ महिनामै यो गीतलाई ६० लाख पटक हेरिएको छ। प्रदर्शनको मुखैमा रहेको यो चलचित्रले बक्स अफिसमा आक्रामक ओपनिङ गर्ने प्रक्षेपण वितरक गोविन्द शाहीको छ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८२।१२।२२ गते

त्रिपुरासुन्दरी नगरपालिका अर्न्तगत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं. २ मा सञ्चालित तपशिल खानेपानी तथा सरसफाइ योजनाहरूको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरू, पाइपहरू तथा फिटीङ्गस् खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायर्सबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

तपशिल

सिलबन्दी दरभाउपत्र नम्बर	खानेपानी तथा सरसफाई योजनाको नाम	उपभोक्ता समितिको माछापुच्छ्रे बैंक खाता नम्बर	सिलबन्दी दरभाउपत्रको अनुमानित रकम रू. (ढुवानी सहित रभ्याट बाहेक)	दरभाउपत्र खरिद रकम रू. (पछि फिर्ता नहुने गरी)	बोलपत्र जमानत वापतको रकम रू.
RA WASH /SQ/02/ 082/083	रैसेनिखोला देखि रूमगाँउ खानेपानी तथा सरसफाई योजना	०९००९९४२५०८०००११	४८,४०,४७९.८९	३०००.००	१,२२,०००.००

शर्तहरू :

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गस्हरू सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथि उल्लेखित शुल्क तिरी (पछि फिर्ता नहुने गरी) त्रिपुरासुन्दरी नगरपालिका त्रिपुराकोट बगर डोल्पा शाखामा रहेको माछापुच्छ्रे बैंक स्थित त्रिपुरासुन्दरी नगरपालिका आन्तरिक राजस्व खाता नं.०९०००६८१४१५००१५३ नगदै रकम दाखिला गरेको भौचर प्रतिलिपि पेस गरेमा खरिद गर्न पाइने छ र दरभाउपत्र पेस गर्दा सम्बन्धित उपभोक्ता समितिको नाममा बैंकमा रहेको खाता नम्बरमा बैंक ग्यारेन्टी सहीत लिखित निवेदनको साथमा सिलबन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरू नोटरी पब्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरू सहित यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनको (२०८३।०१।०६ गते) कार्यालय समय भित्र नगर कार्यपालिकाको कार्यालय वा आयोजना सहयोग इकाई, सुर्खेतबाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरू रीतपूर्वक भरी सूचना प्रकाशित भएको सोह्रौं दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थाबाट न्यूनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाई मान्य बोलपत्र जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ता समितिको बैंकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समतिको अध्यक्षलाई निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ । दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र न। उपभोक्ता समितिको नाम,ठेगाना र निर्माण सामग्रीहरू,पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेखुपर्नेछ ।

३. सम्भावित सप्लायररआपूर्तिकर्ताहरूलाई खरिदको सुचना प्रकाशन भएको मितिले वाह्रौं दिन दरभाउपत्र फारम तथा खरिद गर्ने सामाग्रीहरूको स्पेसीफिकेसन वा कोटेशन पेश गर्ने तरिका आदिका बारेमा जानकारी दिन Pre-Bid Meeting गरिनेछ । यस्तो मिटिङ्ग नगरपालिकाको कार्यालयमा व्यक्तिगतभेला गरेर वा दुरस्थ (online) माध्यम बाट समेत गर्न सकिनेछ । साथै सप्लायररआपूर्तिकर्ताबाट यस्तो जानकारी माग भएमा कुनै पनि ईमेल वा पत्रको मध्यमबाट समेत दिईनेछ र सो जानकारी अन्य सप्लायर र आपूर्तिकर्तालाई समेत दिइनेछ।

४. सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र बढी घटि भएमा कार्य सम्पादन जमानत रकम =[०.८५ ×लागत अनुमान—कबोल मुल्य) ×०.५]+५% कबोल मुल्यको हिसाb गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ता समितिको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफैं उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ । हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौं दिनको १२ बजे (२०८३।०१।०७ गते भित्र प्राप्त भैसक्नुपर्नेछ ।

६. सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थानसम्म ढुवानी भै सामग्रीहरू प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाँच गरेपछि मात्र सप्लाई भएको सामानका भुक्तानी दिइने छ ।

७. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू अर्को सूचना प्रकाशन गरी जानकारी गराइने छ। त्रिपुरासुन्दरी नगर कार्यपालिकाको कार्यालय त्रिपुराकोट बगर डोल्पामा खरिद समितिका प्रतिनिधिहरू तथा साझेदार कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

८. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरूमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

११. यस सम्बन्धी थप शर्तहरू दरभाउपत्र फाराम साथै उपलब्ध गराइनेछ । अन्य शर्तहरू आयोजनाको खरिद कार्यविधि बमोजिम हुनेछ।

१२. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना त्रिपुरासुन्दरी नगरपालिकाको सूचना पाटीमा र Website माराखिनेछ ।

१३. अन्य थप जानकारी चाहिएमा त्रिपुरासुन्दरी नगरपालिका डोल्पा अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई (मोवाईल नम्बर ९८४६७०५३६८ वा ९८४८३२४३४८) मा सम्पर्क गर्न सकिनेछ ।

खरिद समिति संयोजक

लुम्बिनी प्रदेश प्रशासनिक भवन निर्माण सम्पन्न

काँक्रेविहार संवाददाता
बुटवल, २१ चैत

लुम्बिनी प्रदेशको राजधानी दाङमा मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय भवन रहेको प्रशासनिक केन्द्रको निर्माण कार्य सम्पन्न भएको छ। राप्ती गाउँपालिका-३, राप्ती प्राविधिक शिक्षालय परिसरमा निर्माण भएको यस केन्द्र नयाँ वर्षदेखि सञ्चालनमा आउने प्रदेश सरकारको योजना छ।

शर्मा-सगुन जेभी, काठमाडौँसँग ३ अर्ब ९ करोड २ ९ लाख ३८ हजार ७२ रुपैयाँमा ठेक्का सम्झौता गरी तीन वर्षमा निर्माण सम्पन्न गरिएको हो। कुल १७ बिघा १९ कट्ठा ४ धुरमा फैलिएको यस केन्द्रमा मुख्यमन्त्री भवन ६ तलाको सेतो रंगमा र अन्य ९ वटा मन्त्रालय भवन पाँच तलाको रातो-सेतो रंगमा निर्माण भएका छन्। हरेक भवनमा अलग-अलग लिफ्ट र अन्डरग्राउन्ड पार्किङ सुविधा छ।

प्रदेश राजधानी कार्यान्वयन एकाइका इन्जिनियर प्रदीप भट्टराईले भने, निर्माणको काम सकिएको छ, अब अन्तिम बिल पास गरी नयाँ वर्षदेखि नयाँ भवन प्रयोग गर्न सकिन्छ।

लुम्बिनी सरकारका प्रवक्ता दिनेश पन्थीले पनि अध्ययन टोलीको प्रतिवेदन अनुसार भवन सर्न आवश्यक निर्णय हुने बताए।

प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख छविराज पोखरेलले प्रशासनिक भवन सम्पन्न भएपछि अन्य गौरवका आयोजना पनि समयमै पूरा गर्ने लक्ष्य रहेको जानकारी दिए।

काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/२२ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको साल जातको ए, बि, सि र डि ग्रेडको गोस २१, १५, १४ र २ गोलियाको ४४६.०८, १८९.४७, १४०.२९, १२.७५ क्युफिटको र असना जातको ए, बि, सि ग्रेडको गोस ७, १ र ३ गोलियाको १४५.७०, ९.००, १५.९९ क्युफिट र दाउरा सालको २ चट्ठा, मिश्रित सालको १ चट्टाको आ.व. २०८२/०८३ मा कटान भई घाटगद्दी गरि राखिएको काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्न प्रथम पटक सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ती, संघरसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १:०० बजे सावउसको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अध्यक्ष
मंग्राह सामुदायिक वन उपभोक्ता समूह
पञ्चपुरी न.पा.२, सुर्खेत

हुम्लाका सातै परीक्षा केन्द्रमा उत्तरपुस्तिका परीक्षण कार्य सुरू

काँक्रेविहार संवाददाता
हुम्ला, २१ चैत

हिमाली जिल्ला हुम्लामा केही ढिला गरी सातै ओटा एसइई परीक्षा केन्द्रमा उत्तरपुस्तिका परीक्षण कार्य सुरु भएको छ। उत्तरपुस्तिका परीक्षणसम्बन्धी कार्यविधि ढिला गरी जिल्ला आइपुगेका कारण ६ ओटा केन्द्रमा शुक्रबारदेखि र एउटा केन्द्रमा शनिबार दिउँसोदेखि मात्र परीक्षण कार्य सुरु भएको हो। शनिबार ताँजाकोट गाउँपालिकाको मदनादेव मावि केन्द्रमा उत्तरपुस्तिका परीक्षण कार्य सुरु भएसँगै जिल्लाका सातै ओटा एसइई परीक्षा केन्द्रमा परीक्षण कार्यले गति लिएको शिक्षा विकास तथा समन्वय एकाइका निमित्त प्रमुख खड्कबहादुर हमालले बताए। मदनादेव मावि केन्द्रका विषय विज्ञ शिक्षक जिल्ला बाहिर रहेका कारण शनिबार मात्र पुग्नुभएको र त्यसलगत्तै परीक्षण सुरु गरिएको हो। अहिले अनिवार्य अङ्ग्रेजी र नेपाली विषयको उत्तरपुस्तिका परीक्षण भइरहेको हमालले जानकारी दिए।

उत्तरपुस्तिका परीक्षण सुरु भएका केन्द्रमा सर्केगाड गाउँपालिकाको हिमज्योति मावि, खार्पुनाथ गाउँपालिकाको सीता मावि छिप्रा, सिमकोट गाउँपालिकाको मानसरोवर मावि, बालमन्दिर मावि, सर्केगाड गाउँपालिकाकै कोट मावि रोडीकोट, अदानचुली गाउँपालिकाको सूर्योदय मावि केन्द्र रहेका छन्। प्रत्येक परीक्षा केन्द्रमा विषय विज्ञ शिक्षकको व्यवस्था गरेर उत्तरपुस्तिका परीक्षण मिलाइएको छ। परीक्षा केन्द्रकै विषय विज्ञ शिक्षकबाट परीक्षण गराइएको र एक जना मात्र परीक्षक रहेकाले केही समय लाग्ने बालमन्दिर मावि केन्द्रका केन्द्राध्यक्ष कैलाश रोकायाले बताए।

यस वर्ष जिल्लाबाट एक हजार तीन सय परीक्षार्थी परीक्षामा सहभागी छन्। उत्तरपुस्तिका परीक्षणका लागि गोप्य कोठा र सुरक्षा व्यवस्था कडा पारिएको छ। परीक्षकलाई मोबाइल फोन बोक्न निषेध गरिएको छ भने गाउँपालिकाको सहयोगमा परीक्षण स्थल बाहिर सीसीटीभी क्यामरासमेत जडान गरिएको छ।

हुम्लाको खोल्सीमा स्वास्थ्यकर्मी नहुँदा गर्भवतीलाई घरमै प्रसूति

काँक्रेविहार संवाददाता
सिमकोट, २१ चैत

हुम्लाको सामुदायिक स्वास्थ्य इकाई खोल्सीमा स्वास्थ्यकर्मी नहुँदा गर्भवतीहरू घरमै सुत्केरी हुन बाध्य भएका छन्। १५ पुसदेखि स्वास्थ्य संस्थामा नर्सिङ स्टाफ नहुँदा यस्तो समस्या उत्पन्न भएको हो। पुस महिनामा जागिर छोडेपछि बर्थिङ सेन्टरमा सेवा प्रभावित भएको हो। सामुदायिक स्वास्थ्य इकाई खोल्सीमा कार्यरत अनमी सपना बुढाले पुस महिनामा जागिर छोडेपछि बर्थिङ सेन्टरमा सेवा प्रभावित भएको हो। त्यसयता सुत्केरी गराउन आउने सेवाग्राहीहरूले सास्ती भोग्नुपरेको स्थानीयहरूको गुनासो छ। १५ चैतमा बिहान सुत्केरी व्यथा लागेर स्वास्थ्य संस्थामा पुगेकी जानु शाही स्वास्थ्यकर्मी नहुँदा अन्ततः घर फर्केर सुत्केरी हुनु परेको उनका पति हाँसबहादुर शाहीले बताए। 'होम डेलिभरी जोखिमपूर्ण हुने भएकाले स्वास्थ्य संस्थामा लग्यौं। तर, अनमी नभेटिएपछि घरमै फर्केर सुत्केरी गराउनु पऱ्यो,' उनले भने।

त्यस्तै, सोही दिन सुत्केरी व्यथा लागेकी अर्की गर्भवती भाइबोला सिंहलाई पनि स्वास्थ्य संस्थामा लगिए पनि नर्सिङ स्टाफ नभएकै कारण घर फर्कनु परेको उनका पति वृष सिंहले गुनासो गरेका छन्। यसले स्थानीयलाई ज्यानको जोखिम मोल्न बाध्य बनाएको उनहरूको भनाइ छ। अनमी बुढाले जागिर छोडेर गएपछि पटक-पटक सिमकोट गाउँपालिकासँग नर्सिङ स्टाफको व्यवस्था गर्न अनुरोध गरिएपनि कुनै सुनुवाई नभएको स्वास्थ्य इकाईका इन्चार्ज धिरिन शाहीले बताए। करिब चार महिना बितिसक्दा पनि स्टाफको व्यवस्था नहुनु गाउँपालिकाको लापरवाही भएको उनको भनाइ छ गाउँ कार्यपालिकाको बैठकमा पटक-पटक यो विषय उठाए पनि समाधान नभएको बताए। स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा लापरवाही हुनु गैरजिम्मेवारी भएको सिमकोट गाउँपालिका–८ का वडाध्यक्ष कमल बुढाले बताए गत तीन महिनादेखि नर्सिङ स्टाफ अभाव रहेको स्वीकार गर्दै समाधानका लागि पहल भइरहेको गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक नरबहादुर भण्डारीले बताए। केही प्राविधिक कारणले ढिलाइ भएको भन्दै उनले छिट्टै नर्सिङ स्टाफ व्यवस्था गर्ने प्रतिबद्धता जनाए।

एसइई दिन आएका विद्यार्थीको भेरीमा डुबेर मृत्यु

काँक्रेविहार संवाददाता
सल्यान, २१ चैत

सल्यानमा एसइई दिन आएका एक विद्यार्थीको भेरी नदीमा डुबेर मृत्यु भएको छ। जिल्लाको बनगाड कुपिण्डे नगरपालिका- २ औलबेसीका १६ वर्षीय सेतुराम बुढाथोकीको भेरीमा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको हो। प्रहरीका अनुसार वनगाड कुपिन्डेको मुक्ति मावि हिलेपोखरीमा अध्ययनरत बुढाथोकी वनगाड कुपिन्डे- १ मा रहेको प्रभाकर मावि देवस्थल परीक्षा केन्द्रबाट एसइई दिइरहेका थिए। शुक्रबार एसइई दिएर फर्किएका उनी अपराह्न करिब ४:३० बजे भेरी नदीमा डुबेका थिए। घटनाबारे जानकारी प्राएपछि इलाका प्रहरी कार्यालय देवस्थलबाट प्रहरी निरीक्षक सागर पौडेलको कमाण्डमा पाँचजनाको टोली खटिएको थियो। थानीयवासी र प्रहरीको सहयोगमा तत्काल उद्धार गरी उनलाई बनगाड कुपिण्डे नगर अस्पतालमा लगिएको थियो। प्राथमिक उपचारपछि थप उपचारका लागि साँझ ४:५५ बजे मेहेलकुना अस्पताल, सुर्खेत रिफर गरिएको थियो। साँझ ६:०५ बजे अस्पताल पुगेपछि चिकित्सकले बुढाथोकीलाई मृत घोषणा गरेका हुन्। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)